चन्द्रनगर गाउँपालिका

# दलित विपन्न बस्तीमा नि शुल्क ट्युशन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

प्रमाणिकरण मितिः २०८३/०१/२५

## चन्द्रनगर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

चन्द्रनगर, सर्लाही

मधेश प्रदेश

## दलित विपन्न बस्तीमा नि शुल्क ट्युशन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८३

प्रस्तावनाः

नेपाल सरकारको संविधान प्रदत्त मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा कार्यान्वयन गर्न, विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालयमा पहुँच बढाउन तथा दलित बालबालिकालाई टिकाई राख्ख र गुणस्तरीय शिक्षाको सुनिश्चिताक लागि विद्यालय जाने उमेरका दलित वस्तीका वालवालिकाहरुलाई ट्युशन कक्षा सञ्चालन गर्ने उद्देश्यले नेपाल सरकारको संविधान प्रदत्त स्थानीय तहको एकल अधिकार, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) ज (१६) मा उल्लेखित स्थानिय तहको शिक्षा सम्बन्धी अधिकार प्रयोग गरी चन्द्रनगर गाउँकार्यपालिकाको बैठकले **दलित विपन्न बस्तीमा नि शुल्क ट्युशन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८२** जारी गरेको छ ।

### परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम **" दलित विपन्न बस्तीमा नि शुल्क ट्युशन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८३"** रहनेछ ।

१.२ कार्यविधि स्वीकृत भए पश्चात यो कार्यविधि कार्यान्वयनमा आउनेछ ।

१.३ यो कार्यविधि चन्द्रनगर गाउँपालिका भित्र लागू हुनेछ ।

१.४ यो कार्यविधि गाउँपालिका भित्र स्थायी बसोबास गरी यसै पालिका भित्रको लक्षित वर्गका आधारभुत तह अध्ययन गर्ने दलित बालबालिकाहरुका लागि मात्र केन्द्रित भई तयार गरिएको छ ।

### परिच्छेद २

२. दलित वस्तीमा ट्युशन कक्षा सञ्चालनको उद्देश्यहरु

२.१. यस कार्यविधि कार्यान्वयनका उद्देश्यहरु देहाय अनुसार रहेको छः

क. दलित बस्तीमा रहेका बालबालिकाहरुलाई शिक्षामा पहुँच पुर्याउने ।

ख. विद्यालयमा बालबालिकाहरुलाई उपस्थिती बढाउन ।

ग सबैको लागी आधारभुत शिक्षा कार्यान्वयन गर्न ।

घ विद्यालयमा बालबालिकाको पहुचँ बढाउन ।

दलित विपन्न बस्ती छनौटः-

३. दलित विपन्न बस्ती छनौटका आधारहरुः-

दलित विपन्न बस्तीमा ट्युशन कक्षा सञ्चालन गर्नका लागि बस्ती छनौट गर्ने आधारहरु देहाय बमोजिम हुनेछः

३.१ चन्द्रनगर गाउँपालिका भित्र रहेका दलित विपन्न बस्तीहरुमा कम्तीमा ३० जना सम्म विद्यालय जाने उमेरका वालवालिकाहरु रहेको हुनुपर्ने ।

३.२ सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाहरु रहेको दलित बस्ती हुनुपर्ने ।

४. दलित विपन्न ट्युशन कक्षा उपलब्ध गराइनेः

४.१ स्वीकृत बजेटको परिधिभित्र रही छनौट भएका दलित विपन्न वस्तीमा टट्युशन कक्षा सञ्चालन उपलब्ध गरिनेछ ।

## परिच्छेद-३

### दलित विपन्न बस्तीमा ट्युशन कक्षा सञ्चालन गर्न शिक्षक नियुक्ति र सेवा शर्त सम्बन्धि व्यवस्था

५. टियुशन शिक्षक सम्बन्धी व्यवस्थाः

यस गाउँपालिकाले दलित विपन्न बस्तीमा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षकको भर्ना देहाय वमोजिमको आधरमा गरिनेछः

५.१ कार्यालयको सूचनापाटी, स्थानिय वा वेभसाइट तथा अन्य कुनै सार्वजनिक स्थलमा आवश्यक, आवश्यक न्युन्तम योग्यता, दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति, परीक्षा/अन्तर्वाता मिति समेतको विवरण खुलाई ७ दिनको खुल्ला विज्ञापन प्रकाशन गर्नु पर्नेछ

५.२ क शैक्षिक योग्याता : न्युनतम प्रविणता प्रमाण पत्र तह उतिर्ण । ख आवेदन दस्तुरः रु. ३५० (तीन सय पच्चास) हुने र आवेदन फारामको नमुना अनुसूची १ बमोजिम हुनेछ ।

५.३ दलित वस्तीमा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षक छनौटको लागि देहाय वमोजिमको शिक्षक पदपूर्ती तथा सिफारिस समिति गठन गरिनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी- अध्यक्ष

ख. गाउँपालिका अध्यक्षले तोकेको कर्मचारी १ जना सदस्य

ग. विषय विज्ञ ३ जना

घ. शिक्षा शाखाका कर्मचारी — सदस्य सचिव

५.४ विषय विज्ञ एक वा दुई जना ।

(६) विषय पदपूर्ति तथा सिफारिस समितिको काम, कार्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

६.१ टियुशन विज्ञ आवश्यक्ता अनुसार चयन गर्ने

६.२ शिक्षक नियुक्तिको लागि सिफारिस गर्ने ।

६.३ टियुशन शिक्षकको करार सम्झौता रद्द गर्ने

६.४ दलित विपन्न बस्तीमा नि शुल्क ट्युशन कक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि ,२०८३ ले तोकिएको

मापदण्डको आधारमा परीक्षा सञ्चालन गर्ने।

६.५ परीक्षालाई स्वच्छ मर्यादित र सुरक्षित वातावरणमा सम्पन्न गराउन आवशेयक रेखदेख समन्वय र अनुगमन गर्ने

६.६ परीक्षामा अनियमित काम गर्ने कर्मचारीलाई प्रचलित कानुन बमोजिम कार्यबाही गर्ने/गराउने।

६.७ दलित विपन्न बस्तीमा ट्युशन कक्षा सञ्चालने गर्ने शिक्षक नियुक्तिको लागि सिफारिस गर्ने ।

६.८ सुपरभाईजरको सिफारिसमा दलित बस्तीमा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षकको करार सम्झौता सरह गर्ने

७. दफा ५ को उपदफा १ बमोजिम प्रकाशित विज्ञापनमा देहायका उम्मेदबारहरु हुनपाउने छनः-

क. नेपाली नागरिक हुनुपर्ने ।

ख. १८ वर्ष उमेर पुगेको र ३५ वर्ष उमेर पुरा नभएको

ग. नैतिक पतन देखिने फैजदारी अभियोगमा अदालतबाट कसुर नठहरीएको ।

घ. मान्याता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा प्रमाण पत्र तह उतिर्ण गरेको वा सो सरहको परीक्षा उर्तिण गरेको ।

८. दलित बस्तीसा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षक छनौटका सेवाशर्त तथा सुविधाः यस कार्यविधि अनुसार दलित बस्तीमा विहान वा बेलुकाको समयमा २ घण्टा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षकले मासिक रु.१०,०००/- (दश हजार) सेवासुविधा/तलब पाउनेछ ।

९. दलित ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षक छनौट सम्बन्धी व्यवस्थाः

९.१ दलित वस्तीमा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षक करारमा राख प्रयोजनको लागि शिक्षक छनौट परीक्षा देहाय वमोजिम हुनेछः

क लिखित ७५ पुर्णाङ्क बस्तुगत

ख अन्तवार्ता २५ पुर्णाङ्क

९.२ दुई अंकको २५ वटा र १ अंकको २५ वटा उतिर्ण ३५

विषयगत प्रश्नः

क. नेपाली-१५ पूर्णाङ्क

ग. गणित-१५ पूर्णाङ्क

ख. अंग्रेजी-१५ पूर्णाङ्क

घ. विज्ञान-१५ पूर्णाङ्क

ङ समाजिक १५ पूर्णाङ्क

९.३ परीक्षामा २५पूर्णाङ्क देहाय बमोजिम हुनेछ ।

१. शैक्षिक योग्यता-१० अङ्ग

न्यूतम योग्यता- ७ (प्रथम श्रेणी-७, द्वितिय श्रेणी-५. तृतीयः श्रेणि-३)

माथिलो योग्यता-३ (प्रथम श्रेणी-३, द्वितिय श्रेणी-२, तृतीय श्रेणी-१)

२. स्थायी ठेगाना-५

सम्बन्धिते बस्ती -५

सम्बन्धित बस्ती वडा -४

सम्बन्धित नगरपालिका-३

३. अन्तर्वार्ता-१०

९.४ लिखित परीक्षामा उतिर्ण भएको उम्मेदवारले मात्र अन्तवार्ता र लिखित परीक्षा दुबैको प्रासाङ्कको योगफल सबभन्दा बढी भएका उम्मेदवार क्रमश सफल हुनेछ । ९.५ मा व्यवस्था भएका समितिले टियुशन शिक्षक भर्नाका लागी सिफारिस गर्नेछ ।

परिच्छेद-४

विविध

१०. कार्यविधिको व्याख्या गर्न सक्नेः अस्पष्टता सिर्जना गरेमा कार्यविधिको मर्म तथा प्रचलित कानुनको प्रतिकुल नहुने गरी आवश्यक व्याख्या गर्ने अधिकार चन्द्रनगर गाउँपालिकामा हुनेछ । कार्यविधिमा उल्लेख भएका व्यवस्थाहरुले काम कारवाहीमा

११. प्रचलित कानुन अनुसार हुनेः यस कार्यविधिमा लेखिएका विषयहरु यसै कार्यविधि अनुसार हुने छन् र

यसमा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१२. बाझिएमा अमान्य हुनेः यस कार्यविधि प्रचलित कानुनसँग बाझिएमा वाझिएको हदसम्म प्रचलित कानुन नै मान्य हुनेछ ।

१३ दलित विपन्न बस्तीमा निशुल्क टियुशन कक्षा संचालनको लागी देहाय बमोजिम तथा व्यवस्थाको लागी देहाय बमोजिम सामग्री खरिद गर्न सकिनेछ ।

क आवश्यक ह्वाइट बोर्ड मार्कर त्रिपाल कुर्सी कालो मैट जस्ता सामग्रीहरु एकमुष्ट खरिद गरी भुक्तानी गर्न सकिन्छ ।

ख नियमित प्रयोगमा आउने सामग्री पटक पटक खरिद गरी भुक्तानी गर्न सकिनेछ ।

ग आवश्यकता अनुसारको सामग्री खरिद गरी भुक्तानी गर्न सकिन्छ ।

अनुसूचि-१

फोटो

मितिः..................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

चन्द्रनगर गाउँपालिका ।

विषयः दलित बस्तीमा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षक पदमा दरखास्त पेश गरेको वारे।

महोदय,

उपरोक्त सम्बन्धमा मिति ..................बमोजिम म बस्ती को चन्द्रनगर गाउँपालिकावाट प्रकाशित सूचना बमोजिम म ............................ ले चन्द्रनगर गाउँपालिका भित्र रहेका वडा नं................. बस्ती ................ मा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षकको रुपमा काम गर्न इच्छुक रहेकोले तपसिलका कागजात सहित दलित बस्तीमा ट्युशन कक्षा सञ्चालन गर्ने शिक्षक पदमा दरखास्त पेश गरेकोछु ।

विज्ञापन नं. .........................

निवेदकः

तपसिलः

१. नेपाली नागरिक्ता

२. शैक्षिक योग्यता

३. फाराम दस्तुर तिरेको रसिद

हस्ताक्षरः

नामः

ठेगानाः

सम्पर्क नं.

---

## प्रवेश पत्र

फोटो

विज्ञापन नं. ..................................

नामः ..........................

रोल नं..............

बड़ा नं.........

ठेगानाः ..................................

बस्तीको नामः

उम्मेदवारको हस्ताक्षरः ......................

प्रमाणित गर्नेको हस्ताक्षरः ................................